म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- १३६ २०८१ चैत्र २४ गते आइतबार 6 April 2025, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## बज्रबाराहीका दशरथ चरेशसहित पक्राउ

हेटौँडा : मकवानपुरको थाहा नगरपालिका-६, बज्रबाराहीका ३८ वर्षीय दशरथ थिङ लागूऔषध चरेशसहित बाराबाट पक्राउ परेका छन् । शुक्रबार साँझ ६:३० बजेको समयमा विशेष सूचनाको आधारमा प्रहरीले थिङलाई ११ किलो ६८० ग्राम लागूऔषध चरेशसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । हेटौँडाबाट वीरगंजतर्फ जाँदै गरेको बा ४८ प ९३३ नम्बरको मोटरसाईकमा सवार थिङलाई प्रहरीले सुरक्षाजाँच गर्दा लागूऔषध चरेश बरामद भएको प्रहरीले जनाएको छ ।

# आगलागीबाट शुक्रबार मकवानपुरमा ६ वटा घर जले



राक्सिराङ गाउँपालिका-७, चरिमारामा सुब्बा प्रजा र चन्द्र प्रजाको आगोले नष्ट गरेको घर ।

समाज संवाददाता

हेटौँडा : गर्मी तथा सुक्खायाम लागेसँगै आगलागीका घटनाबाट ठूलो धनजनको क्षति हुने क्रम बढेको छ । जंगलमा लागेको आगोबाट शुक्रबार एकैदिन मकवानपुरको राक्सिराङ गाउँपालिकाको ३ घर, हेटौँडा, बागमती र इन्द्रसरोवर गाउँपालिकाको एक-एक घरमा आगलागी भएको छ । आगलगीबाट १३ लाख बराबरको क्षति भएको छ भने मानवीय तथा चौपाय क्षति नभएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

राक्सिराङ गाउँपालिका-७, चरिमारामा सुब्बा प्रजा र चन्द्र प्रजाको घरमा आगलागी भएको छ । शुक्रबार बिहान ९ बजेको समयमा भएको आगलागीबाट सुब्बा र चन्द्रको घरमा ३ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जानकारी दिएको छ । आगलागीबाट सुब्बा र चन्द्रको घर भित्र रहेको लत्ताकपडा, भाडावर्तन, अन्नपात र नगद जलेर पूर्णरुपमा नष्ट भएको छ । आगलागीबाट मानवीय तथा चौपाया क्षति भने क्षति भएको छैन । स्थानीयको सहयोगमा बिहान १० बजेर २० मिनेटको समयमा आगो पूर्णरुपमा नियन्त्रणमा लिएको प्रहरीले जनाकारी दिएको छ ।

राक्सिराङ गाउँपालिका-४, तार्सिकोट रेनामा राम बहादुर थिङको १ तल्ले कच्ची घरमा आगोलागी भएको छ । शुक्रबार बिहान ११ बजेर ३० मिनेटको समयमा भएको आगलागीबाट एक लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जानकारी दिएको छ । आगोलागीबाट घरमा रहेका अन्नपात, लत्ताकपडा, भाँडाकुँडा र सोलार प्यानल जलेर पूर्णरुपमा नष्ट भएको छ । स्थानीयको सहयोगमा दिउँसो १२ बजेर २० मिनेटको समयमा आगो पूर्णरुपमा नियन्त्रणमा लिएको छ ।

राक्सिराङ गाउँपालिका-५, चंगरङमा रोशन प्रजाको घरमा आगोलागी भएको छ । शुक्रबार दिउँसो २ बजेर ३० मिनेटको समयमा प्रजाको घरमा लागेको हो । आगोलागीबाट २ लाख बराबरको क्षति भएको प्रहरीले जानकारी दिएको छ । आगोलागीबाट घरभित्र रहेका अन्नपात, लत्ताकपडा, भँडाकुँडा र काठपात जलेर पूर्णरुपमा नष्ट भएको छ । स्थानीयको सहयोगमा दिउँसो ३ बजेर ३० मिनेटको समयमा आगो पूर्णरुपमा नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

यस्तै मकवानपुरको बागमती गाउँपालिका-७, ठूलोथलीमा निज बहादुर थापाको घरमा आगलागी भएको छ । शुक्रबार दिउँसो १२ बजेर ३० मिनेटको समयमा थापाको १ तल्ले कच्ची घरमा अचानक आगलागी हुँदा २ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जानकारी दिएको छ । आगलागीबाट थापाको घरभित्र रहेको अन्नपात, लत्ताकपडा, भँडाकुँडा र काठपात जलेर पूर्णरुपमा नष्ट भएको छ । स्थानीयको सहयोगमा दिउँसो ३ बजेर ३० मिनेटको समयमा आगो पूर्णरुपमा नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-३, भालुडाँडामा वनमा लागेको डँढेलोले स्थानीय मिठ्ठु सिलवालको घर र वेदबहादुर सिलवालको गोठमा आगलागी भएको छ । शुक्रबार दिउँसो ३ बजेको समयमा भएको आगलागीबाट ३ लाख ८० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जानकारी दिएको छ । आगलगीबाट मिठ्ठु र वेद बहादुरको घर र गोठ पूर्णरुपमा नष्ट भएको छ ।

हेटौँडा-१५, रिद्दिसिद्दी सिमेन्ट उद्योगको बाहिरी कम्पाउण्डमा राखेको कोईलामा आगलागी भएको छ । शुक्रबार राती ८ बजेर ३० मिनेटको समयमा अचानक आगलागी भएको प्रहरीले जानकारी दिएको छ । आगो हेटौँडा उपमहानगरपालिकाको दमकल र प्रहरी टोलीले निभाएको छ । आगोलागीबाट मानवीय, चौपाय तथा भैतिक संरचनाको क्षति भएको छैन ।

## एम्बुलेन्समा लागूऔषध तस्करी

# हेटौँडा हुँदै काठमाडौं जाँदै गर्दा भट्टेडाँडाबाट समातियो



लागूऔषधसहित पक्राउ परेकाहरु सार्वजनिक गर्दै प्रहरी ।

समाज संवाददाता

हेटौँडा : हेटौँडा हुँदै काठमाडौं जाँदै गरेको भारतीय नम्बरको एम्बुलेन्सबाट प्रहरीले ठूलो परिणाममा अवैध लागुऔषध बरामद गरेको छ । शुक्रबार राती १ बजेर ५५ मिनेटको समयमा कान्तिलोकपथको भट्टेडाँडास्थित प्रहरी चौकी चेकपोष्टमा खटिएको प्रहरी टोलीले भारतीय एम्बुलेन्समा ठूलो परिमाणमा अवैध लागुऔषध ट्रामाडोल क्याप्सुल बरामद गरेको हो ।

एक पत्तामा १० क्याप्सुल भएको ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल आइपी ट्रामाडोल लेखिएको ट्रामाडोल क्याप्सुल ५ हजार ४ सय पत्ता, एक पत्तामा १० क्याप्सुल भएको ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल आइपी ५० एमजि ट्रामन लेखिएको ट्रामाडोल क्याप्सुल ४ हजार ८ पत्ता गरी जम्मा ९ हजार ४ सय ८ पत्ता बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीले बिआर ०५ पिए ०४२१ नम्बरको भारतीय एम्बुलेन्स नियन्त्रणमा लिएको पत्रकार सम्मेलनका क्रममा प्रहरी उपरीक्षक नरहरि रेग्मीले बताए ।

पक्राउ पर्नेमा भारत बिहार राज्यको पूर्वी चमपारण, मोतिहारी जिल्लाका २० वर्षीय समीर आलम, ३३ वर्षीय मोहम्मद मुन्ना अन्सारी, ४५ वर्षयिा नोर्जान खातुन, २२ वर्षीय मोहम्मद उमर सिद्धिकी (एम्बुलेन्स चालक) रहेका छन् । एम्बुलेन्सबाट बाहिर निस्किएर भाग्ने प्रयास गरेकाले चालक सिद्धिकीलाई तत्काल नियन्त्रणमा लिई एम्बुलेन्सको तलासी लिँदा लागुऔषध भेटिएको प्रहरीले बताएको छ । एम्बुलेन्समा एक बालक र एक बालिकासहित ६ जना थिए ।

# महायज्ञमा सहयोग जारी, आज अन्तिम दिन

समाज संवाददाता

हेटौँडा : मानवसेवा आश्रमले आयोजना गरेको सप्ताह ज्ञान विज्ञान महायज्ञमा सहयोग संकलनको क्रम जारी छ । महायज्ञमा भीमप्रसाद अधिकारी र तुकुमाया अधिकारीले ५५ हजार १ सय ५, चन्द्रबहादुर पाण्डे र सावित्री पाण्डेले १ लाख ११ हजार १ सय ११, धन थापाले ५ लाख ११ हज १ सय ११ रुपैयाँ सहयोग गर्नुभएको छ ।

तपोवन टोल विकास संस्थाले ५४ हजार ६ सय ५५ रुपैयाँ, आनन्द कुमार घिमिरे र रीता घिमिरेले १ लाख ११ हजार १ सय ११, मनोक्रान्ति योग समुहले १ लाख ११ हजार १ सय ११, सुशीला जोशी र राहुल यादवले ५१ हजार, हेटौंडा-१२ नम्बर वडाले ३ लाख रुपैयाँ सहयोग गरेको छ । निर्माण व्यवसायी संघ मकवानपुरले ५५ हजार ५ सय ५५ रुपैयाँ, बिजय सागर श्रेष्ठ र रामप्यारी श्रेष्ठले १ लाख ११ हजार १ सय १, शिवम् सिमेन्ट लिमिटेडले ६६ हजार ६ सय ७१, बिक्रम बिष्टले १ लाख ११ हजार १ सय १५ रुपैयाँ सहयोग गरेको छ ।

हेटौंडा-१ नम्बर वडाले ३ लाख, ३ नम्बर वडाले ३ लाख, ३ नम्बर वडाले ३ लाख, ६ नम्बर वडाले ३ लाख, १६ नम्बर वडाले ३ लाख , सुशीला थापा र छोरा रन्जित थापाले ५१ हजार १ सय रुपैयाँ सहयोग गरेको छ । पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले ५१ हजार १ सय ५, शंकर न्यौपाने र रीता न्यौपानेले २ लाख ६५ हजार, शिखा बिष्टले १ लाख १५ हजार ५ सय ५५, गोपाल बहादुर रायमाझी र ममता रायमाझीले १ लाख ११ हजार १ सय ११, कृष्णहरि आचार्य र रीता आचार्यले १ लाख ११ हजार १ सय ११, विश्वकान्ति कलावती सुमार्गीले ५१ हजार ५ रुपैयाँ सहयोग गरेको छ ।

मकवानपुर उद्योग बाणिज्य संघले १ लाख ११ हजार १ सय ११, नारायणी यातायात ब्यवसायी संघले १ लाख ११ हजार १ सय ११, प्रविण जोशी र सुधा जोशी श्रेष्ठले १ लाख ११ हजार १ सय ११, मन्जु पौडेल तथा पौडेल बेकरीले २ लाख ६१ हजार १ सय ११, लक्ष्मण दाहाल र तारादेवी दाहालले ५१ हजार, कल्पना भण्डारीले ५० हजार ५ सय ५, सुयश श्रेष्ठले ५५ हजार ५ सय ५५, ईन्द्र बहादुर बानियाँले ५१ हजार १ सय ५१ रुपैयाँ सहयोग गरेको छ । खुशी क्लव मानवसेवा आश्रमले १ लाख ११ हजार १ सय ११, लिलानाथ अमुगाईज् अन्नपुर्ण अमुगाईले १ लाख ६१ हजार १ सय ११, टोल विकास संस्था नगर समन्वय समितिले ५१ हजार रुपैयाँ, गंगादेवी इटेनीले १ लाख ११ हजार १ सय ११, जिल्ला सहकारी सञ्जाल मकवानपुरले ६ लाख २२ हजार २ सय २२, लिलादेवी उप्रेतीले १ लाख ११ हजार १ सय ११ रुपैया, किशोर शर्मा कँडेल, शालिक कँडेलले २ लाख २२ हजार २ सय २२, नारायणी यातायात व्यवसायी संघले ५ लाख ११ हजार १ सय १५ रुपैयाँ सहयोग गरेको छ । हेटौंडा स्कुल अफ म्यानेजमेन्टले ५ लाख, हेटौंडा उपमहानगरपालिकाले एक करोड ५० लाख, हेटौंडा-९ नम्बर वडाले १० लाख रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

# घर बनाउन ल्याएको रडको मुठाले च्यापिएर आचार्यको मृत्यु

समाज संवाददाता

हेटौँडा : नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका-२, कोल्पुफाँटमा आइचर गाडीमा ल्याएको रड झार्ने क्रममा रडको मुठाले च्यापेर एकजनाको मृत्यु भएको छ । शुक्रबार बेलुका ७ बजेर ३० मिनेटको समयमा ४४ वर्षीय अशोक प्रसाद आचार्यको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

आचार्य कोल्पुफाँटस्थित आफ्नै घर निर्माणका लागि बा ४ ख २१०६ नम्बरको आइचरमा ल्याएको रड झार्ने क्रममा रडको मुठा खसेर लाग्दा गम्भिर घाइते भएका थिए । घाइते आचार्यलाई उपचारका लागि काठमाडौँस्थित मनमोहन अस्पताल लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । आचार्य आफैँले गाडी चलाएर घर बनाउन रड ल्याएका थिए ।




## एसईई सकिएको पनि एक साता बित्यो
## रिजल्ट नआएसम्म के छ प्लान ?

- मिडियाबारे चासो छ ?
- अब मिडिया पढ्ने योजना छ ?
- मिडियामै भविष्य बनाउने योजना छ ?

पत्रकारिता

यदि त्यसो हो भने आजै सम्पर्क गर्नुहोस् ।
हामी तपाईँलाई सहयोग गर्न सक्छौं ।

०५७-५२८८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
रेडियो निकास ९३.४ मेगाहर्ज
www.samriddhasamaj.com
हेटौंडा-४, मकवानपुर

रेडियो निकास ९३.४
The Voice of Community

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## प्रभावकारी डढेलो नियन्त्रण

नेपालमा वन डढेलो र यसबाट निम्तने समस्या विकराल बन्दै गएको छ । करिब ४५ प्रतिशत वन क्षेत्रले ढाकेको नेपालको सबै क्षेत्रका वन जंगलमा डढेलोले व्यापक असर पारिरहेको छ । विशेषगरी फागुन-चैतमा रुख विरुवाका पात झर्ने गर्दछ । चैत लागेसँगै घाम चर्किँदै जान्छ र झरेका पातहरु सुक्छ । यही समयमा हावा हुरी चल्ने गर्दछ । पानी नपरेर जताततै सुख्खा भइरहेको हुन्छ । यस्तो अवस्थामा आगोको सानो झिल्को मात्र वन जंगलको सुकेको पात पतिङ्गरमा पुग्यो भने त्यसले डढेलो लाग्छ । डढेलोका कारण आगलागीको जोखिम पनि उत्तिकै हुने गर्दछ । घर, गोठ तथा बारीको आगोले वनमा डढेलो लाग्ने वा वनमा लागेको डढेलोले घर, गोठमा आगलागी हुने दुबै सम्भावना हुने गर्दछ ।

वन जंगलमा डढेलो लाग्ने वा लगाउने समस्याले धेरै असर पार्ने गरेको छ । हावाहुरी, चट्याङलगायत केही प्राकृतिक कारणले आगो सल्किएर डढेलो लाग्ने सम्भावना भए पनि नेपालको अधिकांश क्षेत्रमा मानवीय असावधानी, लापरबाही र नियतवस डढेलोको लगाउने गरिएको छ । मानिसले विभिन्न ठाउँमा बालेको आगो राम्रोसँग ननिभाउनाले डढेलो लाग्ने गर्दछ । वन जंगल वरपर आगो बालेर सावधानी नअपनाउँदा पनि डढेलो लाग्ने सम्भावना रहन्छ । नयाँ घाँस उमार्ने, वनका रुख सुकाएर काठ दाउरा बनाउने, वन्यजन्तु मार्ने आदि नियतले जानाजान वन जंगलमा डढेलो लगाउनेको पनि कमी छैन । डढेकोको असरबारे समुदायस्तरमा सचेतनासँगै डढेलो लगाउनेलाई कडा दण्ड सजायको व्यवस्था भएमा डढेलो लगाउने सम्भावना कम हुनसक्छ ।

प्रशस्त वन क्षेत्र भएको मकवानपुरमा पनि डढेलोको समस्या बढी नै हुने गर्दछ । चैत महिनाभर जिल्लाका सबैजसो राष्ट्रिय तथा सामुदायिक वनमा डढेलो लागेको देखिन्छ । पछिल्लो समय हेटौंडा वरपर तथा अन्यत्रका वन जंगलमा डढेलो लागिरहेको वा लागिसकेको देख्न सकिन्छ । देशैभर डढेलो तथा आगलागीका घटना व्यापक बनिरहेका कारण काठमाडौं उपत्यकालगायत देशका अन्य भागमा वायु प्रदूषण बढेको छ । वायु गुणस्तर सूचकाङ्क निकै अस्वस्थकर विन्दुमा पुग्दा आँखा तथा नाक पोल्ने, श्वासप्रश्वासमा समस्या, दम र फोक्सोको संक्रमणको जोखिम, सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने, छालासम्बन्धी समस्या, टाउको दुख्नेलगायतका स्वास्थ्य समस्या बढेको छ ।

वन जंगलमा डढेलो लागेपछि नियन्त्रण गर्न निकै कठिन हुने गरेको छ । कठिन भौगोलिक अवस्था, अपर्याप्त वारुणयन्त्र तथा अन्य अग्नि नियन्त्रण उपकरणका कारण वन डढेलो समयमै नियन्त्रण गर्न सकिँदैन । वन डढेलोका कारण घरगोठमा सल्किएको आगो समेत नियन्त्रण गर्न नसकेर जनधनको क्षति भएको थुप्रै घटना छन् । आगलागी समयमै नियन्त्रणका लागि अग्नि नियन्त्रणको प्रभावकारी उपाय अपनाउनु आवश्यक छ । अहिलेकै संयन्त्र र प्रविधिले वन डढेलो नियन्त्रण गर्न सम्भव नभएका कारण यसबाट हुने क्षति रोक्न पनि चुनौतीपूर्ण देखिन्छ । वन डढेलोबाट बच्ने हो भने डढेलो लाग्नै दिनु हुँदैन । वन जंगल संरक्षण र व्यवस्थापनमा क्रियाशील सरकारी, गैरसरकारी तथा सामुदायिक संघसंस्थाहरुले डढेलो नियन्त्रणका लागि सचेतनालगायत अन्य प्रयास गर्दै आएको भए पनि त्यो पूर्ण प्रभावकारी हुन सकेको छैन । वन डढेलो तथा आगलागीबाट हुने जनधनको क्षति, जैविक विविधतामा ल्याउने ह्रास तथा वायु प्रदूषण कम गर्न सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | ५२०४९५ | चित्लाङ इलाका | ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल | १०० | वारुण यन्त्र | १०१ |
| ट्राफिक प्रहरी | १०३ | बालबालिका खोजतलास केन्द्र | १०४ |
| वडा प्रहरी | ५२०२९९ | बाल हेल्पलाइन | १०९८ |
| पशुपतिनगर इलाका | ५२०५९८ | हेलो सरकार | ११११ |
| मनहरी इलाका | ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ | १९७ |
| भीमफेदी इलाका | ६९१४६२ | एम्बुलेन्स | १०२ |
| पालुङ इलाका | ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो | ११५० |
| फापरबारी इलाका | ६२१९८० | | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : रिस, आवेगलाई रोक्दा राम्रो रहन्छ ।
**वृष** : बौद्धिक क्षेत्र र ज्ञानगुनमा रमाईएला ।
**मिथुन** : अभिभावकको सेवामा समय व्यतित होला ।
**कर्कट** : मिहिनेतको फल लाभप्रद नै रहने छ ।
**सिंह** : जोसजाँगर बढ्ने समय योग रहेको छ ।
**कन्या** : मिठो भोजन र धार्मिक यात्राको योग छ ।
**तुला** : रोकिएको काम सम्पन्न हुने समय योग छ ।
**वृश्चिक** : वरिष्ठ व्यक्तिहरुसँग चिनजान बढ्ने देखिन्छ ।
**धनु** : नाम, दाम र पुरस्कार प्राप्त हुने समय छ ।
**मकर** : इज्जत र प्रतिष्ठा बढ्ने समय योग छ ।
**कुम्भ** : समय संघर्षपूर्ण रहेको देखिन्छ ।
**मीन** : मनोरञ्जन र रमझममा रमाइने समय छ ।

## तीनकुने रणभूमि

# हिंसात्मक द्वन्द्व र शक्ति संघर्ष



बिशभ अधिकारी

चैत १५ गते काठमाडौंको तीनकुने रणमैदान बन्यो । राजावादी नवराज सुवेदी र दुर्गा प्रसाईहरूले आयोजना गरेको विरोधसभा बिथोलियो । कार्यक्रमस्थलमा अश्रुग्यास हानियो । प्रदर्शनकारी माथि अश्रुग्यास र गोली प्रहार भयो । उक्त घटनामा सविन महर्जन, पत्रकार सुरेस रजकको अनाहकमा मृत्यु भयो । सयौ मानिस गम्भिर घाइते भए । तीनकुने क्षेत्रको घरहरू जले, भाटभटेनीमा लुटपात भयो । त्यहि दिन समाजवादी मोर्चाको कार्यक्रम चाही शान्तिपूर्णरूपमा सम्पन्न भयो । राजावादीहरूको कार्यक्रममाथि यो ज्यादती र हस्तक्षेप किन भयो ? तीनकुनेलाई युद्धमैदान किन बनाईयो ? यसको उत्तर अब जनताले खोज्छ नै । हिंसा भड्काएको आरोपमा राप्रपा नेता रविन्द्र मिश्र र धवल शम्शेर पक्राउ परे । यिनीहरूलाई गम्भीर मुद्दामा फसाउने देखिन्छ । दुर्गा प्रसाई फरार छन्, नवराज नजरबन्दमा छन् भने पूर्व राजालाई पनि अघोषितरुपमा नजरबन्दमा राखिएको छ । तीनकुने क्षेत्रका धेरै निजी घरहरु जले । आगोको मुस्लोले एयरपोर्टमा समेत ठूलो असर गर्‍यो । माथि हवाईमार्ग भएको कारण प्लेन अवतरणमा समेत समस्या देखियो ।

तसर्थ यस्तो संवेदनशील क्षेत्रमा कार्यक्रम गर्न दिने बारे पनि सम्बन्धित निकायले सोच्न जरूरी छ । त्यसक्षेत्रमा तेल ट्याङकरहरू छन् । त्यसले ठूलो क्षति पुर्‍याउन सक्छ । २०६२/६३ को जनआन्दोलनको झझल्को दिने गरी भएको राजावादीहरुको कार्यक्रम कसरी हिंसात्मक बन्यो ? यसको न्यायिक अनुसन्धान हुन जरूरी छ । राष्ट्रिय मानवधिकार आयोगको मौनता अचम्मको छ । अनाहक गोली चलेको छ । कलेजबाट आएकी रेवती र उनका दाजु घाईते भएका छन् । पत्रकारको मृत्यु रहस्यमय छ । किन छानविन आयोग बनेन ? यस सन्दर्भमा प्रधानमन्त्रि केपि ओलीले संसदमा आफ्नो भनाइ राख्दै पूर्वराजालाई दोषी ठहर गरे । ज्ञानेन्द्रले सत्तामा आउन हिंसा भड्काएको, गणतन्त्रको बिरोधमा लागेकोले राजालाई उन्मूक्ति दिन नसकिने भनाई राखे । संविधानप्रति अनास्था, घृणा र भ्रम फैलाउन निर्मल निवास र निकटस्थहरू नै सक्रिय रहेको विश्लेषण समेत गरेका थिए ।

राप्रपाका सांसदले प्रधानमन्त्रीको मन्तव्यको प्रतिवाद गरिराखे । संसदमा सबै ठूला पार्टी राजावादीको विरुद्धमा अहिले मोर्चावन्दीमा छन् । तिनले जतिसुकै मोर्चा र गठबन्धन गरे पनि गणतन्त्रको आवरणमा फस्टाएको लुटतन्त्र र बेथितिलाई न नकार्न सकिन्छ न दलहरुको अकर्मण्यताले जनता आजित भएको तथ्यलाई ढाकछोप गर्न सकिन्छ । विश्वप्रकाशले जनताले राजा होईन विकास खोजेको हो, मल खोजेको, जग्गाको मुआव्जा खोजेको भने । यदि त्यस्तो हो भने खोइ त विकास र सुशासन ? देश नै टाट पल्टिने अवस्थामा पुगिसक्यो । अहिले संसदमा राजाको बिर ोध देख्दा बेलायती ईतिहासको सम्झना हुन्छ । क्रमवेल नेतृत्वको संसद र राजा चाल्स प्रथमबीचको द्वन्द्व बेलायतको इतिहासमा विशेष महत्वपूर्ण छ । यो द्वन्द्व १७औँ शताब्दीको मध्यतिर इंग्ल्याण्डको गृहयुद्धको रूपमा विकसित भयो । जसले अन्ततः राजा चाल्स प्रथमको फाँसी र बेलायतमा केही समयका लागि गणतन्त्रको स्थापना गरायो ।

बेलायतमा १६४२-१६५१ मा संसद समर्थक र राजावादी बीच युद्ध भयो । ओलिभर क्रमवेलको नेतृत्वमा संसद समर्थकहरुले युद्ध जिते । चाल्सको मृत्युपछि ओलिभर क्रमवेलले सामान्यधर्मी गणराज्यको घोषणा गरे र केही समयपछि 'संरक्षक' को रुपमा अधिनायकवादी शासन चलाए । क्रमवेलको मृत्युपछि १६६० मा चाल्स द्वितीयलाई पुनः राजा बनाइयो । जसले राजतन्त्र पुनःस्थापित गर्‍यो । तर, यो घटना बेलायतमा संवैधानिक राजतन्त्रको जग बसाल्ने महत्वपूर्ण मोड सावित भयो । यो घटना बेलायतको लोकतान्त्रिक इतिहासमा कोसेढुंगा मानिन्छ । नेपाल पछिल्ला समय गणतन्त्र र राजतन्त्रको बारे ठूलो बहस छेडिएको छ । कांग्रेस एमाले कुनैबेला संवैधानिक राजा मान्ने पार्टी नै हुन् । समयक्रमसँगै वा माओवादीसँग लतारिएर यि दुबै पार्टीले गणतन्त्रमा जाने निर्णय गरे । खासगरी माघ १९ को राजाको कदमपछि राजा सक्रियरूपमा शासनसत्ता आएपछि राजालाई हेर्ने दृष्टिकोण बदलियो । तर गणतन्त्रको १९ वर्षको शासनशैलीले जनतामा निराशा पैदा गरायो । यो निराशाले असन्तुष्टि छ, बेचैनी छ । त्यसलाई अनदेखा गर्‍यौं भने ठूलो मूल्य चुकाउनुपर्छ ।

भनिन्छ राज्य आफैमा दमनकारी संस्था हो । यसको स्वाभाव हिंस्रक हुन्छ । सत्तामा बस्ने शक्तिशाली मानिस नै जब शान्तिपूर्ण प्रदर्शनको दुई दिन अगाडि सुधो गाईलाई हिंस्रक बाघले झम्टे जस्तो आक्रमण गर्नु भन्दै उक्साउँछ र दुई दिनपछिको कार्यक्रम हिंसात्मक हुन्छ यसलाई संयोग मात्र मान्न सकिन्छ ? कदापि सकिँदैन । सरकारको यही निरंकुशतालाई जवाफदेही बनाउने भनेको प्रजातन्त्रले हो । प्रतिपक्षी हो, संसदले हो । जब यि सब एउटै कित्तामा देखापर्छ र एउटा विचार माथि आक्रमक हुन्छ । त्यतिबेला आमजनताको तागतले मात्र प्रतिरोध गर्न सकिन्छ । सतहमा हेर्दा पार्टीहरू जनमतबाट आएका हुन् तर जनताको मत बदलिएको अवस्था छ । सधैभरि पुरानै अनुहार दोहोरिरहने चक्र तोडिन्छ अब । यूवा पुस्ता जागरुक देखिएका छन् । तिनले पनि विकल्प खोजेका छन् । भ्रष्ट्राचारले पोतिएको अनुहारमा नैतिक साहस होला र ज्ञानेन्द्रलाई जेल पठाउने । राजा भाग्दैछ भन्ने हल्ला चलाइएको छ । राजा ज्ञानेन्द्रलाई देश छोडको नारा लाग्दा त देश नछोडेको राजाले अहिले राजा आउ देश बचाउ भनिरहेको बेला देश छोडेर भाग्दैछन् भन्ने कसैलाई लागेको भए त्यो मृगतृष्णा मात्र हो ।

राजा चाहिन्छ भन्ने भावना प्रवल बन्दैछ । यसो भनिरहँदा गणतन्त्रवादी कमजोर छ भन्ने पक्कै होइन । लोकतन्त्रमा सबैले स्पेस पाउँछन् । परम्परागत शक्तिलाई पनि स्पेश दिँदा लोखतन्त्रको मान्यता अझ फराकिलो हुन्छ । कुनबेला माओवादी ४७ सालको संविधान खारेज गरौं भन्दा दलहरू त्यो संविधानको कमा र फूल स्टपसम्म हटाउन मान्दैनथे । तर प्रकारान्तरले धेरै ठूलो नोक्सानीपछि अर्बौं भौतिक संरचना, सत्र हजारको मानवीय क्षति, देशलाई धेरै पछाडि धकेलेर बल्ल शान्ति सम्झौता हुँदै माओवादीको माग सम्बोधन गरियो । माओवादीले जितेको अनुभुति गरे होलान् तर देशले हार्‍यो, अनाहकमा त्यत्रा मानिसको ज्यान गयो । विकास धेरै पछाडि धकेलियो । आज त्यो ईतिहासको सम्झना गरौं । राजावादीको आन्दोलनलाई पनि कम आँक्दा भोलि त्यसले ग्रहण गर्ने भयावहले मूलूकमा अपुरणीय क्षति पुग्न सक्छ । तसर्थ राजनीतिक तहबाट समाधान खोजौं, घूसपैठ र भिजिलान्ते परिचालन गरेर आन्दोलन तुहाउने, राजावादीलाई मूद्दा लगाएर फसाएपछि आन्दोलन समाप्त हुन्छ भन्ने मानसिकता गलत छ । लामो संघर्ष र १४ वर्ष आफै सत्ताको कोपभाजनमा परेर जेल बसेर आएको व्यक्तिले नै यस्तो कदम चाल्नु आश्चर्यजनक छ ।

द्वन्द्वले अस्थिरता बढाउँछ । राजावादी-गणतन्त्रवादीको टकरावमा कुनै एउटा शक्तिको बिजय त होला तर देशले हार्नेछ । किनभने हिंसा, मुठभेड धान्न सक्ने अवस्थामा मूलुक छैन । दुबै शक्तिले लचकता नदेखाउने हो भने मूलुक अतिवादको चपेटामा पर्न सक्छ । नयाँ रुपको निरंकुशता आउन सक्छ । विदेशीको चलखेल बढ्छ । संयमता अपनाउ, अपराध देखिएमा कारबाही गरौं । न्यायिक आयोग बनाएर निष्पक्षताको प्रमाण दिउ । बंगलादेशको घटनाबाट पनि पाठ सिकौं । प्रतिसोध र बदलाको राजनीतिले कसैलाई फाइदा पुर्‍याउँदैन । सहमति, सहकार्य, मेलमिलाप लोकतन्त्रको सौन्दर्य हो । सरकार यस विषयमा जिम्मेवार भएर अघि बढोस ॥ अस्तू ।

# पाँच वर्षमा सुन प्रतितोला साढे दुई लाख पुग्ने पूर्वानुमान



डा. सुमनकुमार रेग्मी

केही समयअघि सुनको मूल्य प्रतितोला १ लाख ३० हजार पुग्ने पूर्वानुमान गरिएको थियो । तर, २०८१ चैत २१ मा पुग्दा सुनको भाउ प्रतितोला १ लाख ८० हजार ३ सय रुपैयाँमा छलाङ मारेको छ । अबको पाँच वर्षमा सुनको भाउ साढे २ लाख पुग्ने अनुमान छ । विगतका पाँच वर्षको अन्तरालमा सुनको भाउ ८० हजारले वृद्धि भएको देखिन्छ ।

लकडाउन हटेपछि निरन्तर रूपमा बढ्दो क्रममा रही २०७७ साउन अन्तिम सातातिर सुनको भाउ प्रतितोला १ लाख ३ हजारभन्दा बढी रहन गयो । यो भाउभन्दा बढी त हालसम्म बढ्दै जाँदा अद्यापि सुनको भाउ उच्च नै रहन गएको छ । २०७७ साउन २१ मा १ लाख नाघेर प्रतितोला १ लाख १ हजार ४ सय रहेको थियो ।

कोरानाका कारण विश्व अर्थतन्त्रमा परेको असरका कारण सुन बजारमा लगानी गर्नेको संख्या बढेकाले मूल्य बढ्दै गएको थियो । विश्व बजारमा लगानीकर्ताको आकर्षण सुनमा बढेकाले माग बढ्न जाँदा भाउ वृद्धि भएको थियो । विश्वका ठूला बैंकमा निक्षेप जम्मा भएको अवस्थामा लगानीकर्ताले सुन बजारलाई सुरक्षित क्षेत्रका रूपमा अँगालेपछि सुनमा लगानी बढ्दै आएको भनिन्छ । बाह्य बजारमा त्यति बेलादेखि नै सुनको भाउ अकासिने क्रम नरोकिएकाले नेपाली बजारमा पनि यसको असर पर्दै आएको छ ।

केही समयअघि सुनको भाउ प्रतितोला नेपालमा १ लाख ३० हजारसम्म जाने अन्दाज गरिएको थियो । बाह्य बजारमा डलर २३ सयदेखि २५ सयसम्म सुनको भाउ जाने आकलन गरिएको थियो । २०७६ साउन २१ मा तोलाको ६८ हजार रुपैयाँमा कारोबार हुँदै आएको थियो । तर, एक वर्षमा नै तोलामा ३३ हजार ४ सय बढी सुनको भाउ अत्यधिक बढेपछि किन्नेभन्दा बेच्नेको लस्कर नै लागेको थियो । २०७७ साउन २१ मा बाह्य बजारमा सुनको भाउ प्रतिऔँस २ हजार ५५ डलरमा कारोबार भएको थियो । २०७७ देखि २०८१ सम्ममा सुनको भाउ उतारचढाव गर्दै २०८१ जेठ ३ मा प्रतितोला १ लाख ४० हजार पुग्न गएको थियो । कात्तिक २०८१ को अन्तिम हप्तामा प्रतितोला १ लाख ७० हजार ७ सय रहन गयो । तर, २०८१ चैत २ मा प्रतितोला १ लाख ७४ हजार ५ सय रहन गयो ।

### सुनचाँदीसम्बन्धी एकीकृत निर्देशिकामा विलम्ब

तत्काल सुनचाँदी कारोबारसम्बन्धी एकीकृत निर्देशिका जारी गर्न माग गरिएको छ । २०७९ फागुन १० मा यस्तो माग गरिएको थियो । यो माग पूरा नभए सरकारसँग कडा प्रतिकार गर्ने भनिएको छ । व्यवसायीले निर्वाध रूपमा राज्यको कर दायित्व भुक्तानी गरी स्वदेशी रोजगारी सिर्जना गर्दै यो पेसा-व्यवसाय गर्ने अधिकार स्थापित गर्न र सुनचाँदीको कारोबार गर्न स्पष्ट मापदण्ड, ऐन, कानुन बनाई सक्दो चाँडै कार्यान्वयनमा ल्याउन माग गरिएको छ ।

विगत लामो समयदेखि आग्रह गर्दा पनि सरकारी निकायबाट कुनै सुनवाइ नभएको भन्दै व्यवसायीले असन्तुष्ट प्रकट गर्दै आएका छन् । सुनचाँदीको कारोबार सम्बन्धी स्पष्ट नीति निर्देशिका नहुँदा व्यवसाय सञ्चालनमा विभिन्न किसिमका व्यावसायिक कठिनाइ र अवरोध उत्पन्न हुने भनाइ रहँदै आएको छ । यसबारे व्यवसायीको ध्यानाकर्षण गराइँदै आएको छ । सरकार पक्षबाट यसको गम्भीर ध्यान दिइएको भनिएको छ । यसको आवश्यक पहलतर्फ कारबाही थालिसकिएको छ ।

आव २०७४-७५ मा ६ हजार ५ सय केजी सुन भित्रिएको थियो । तर, २०७३-७४ मा ६ हजार ४ सय ५५ केजी सुन बैंकिङ प्रणालीबाट आयात भएको थियो । बैंकिङ प्रणालीबाट सुन आयात भए पनि देशभित्र सुन कारोबारका विकृत रूप अनेक छन् ।

निकासीको अन्य वस्तुले पाएको सुविधाबाट समेत गहना तथा आभूषण क्षेत्र वञ्चित रहिआएको छ । फलस्वरूप निकासी झन्डै शून्यको अवस्थामा छ । तर जति सुन तथा चाँदी आयात भएको छ, आयात अनुपातमा मूल्य अभिवृद्धि भएको छैन । नेपालबाट आव २०७५-७६ र २०७६-७७ मा चाँदीका गरगहना मात्र वार्षिक १ अर्बको पनि निर्यात नभएको

...बाँकी पृष्ठ ३ मा

# शिक्षकको परीक्षामा सफल हुनेलाई सम्मान



*शिक्षक सेवा आयोगको परीक्षामा प्रथम हुन सफल परीक्षार्थी एलिशा घिमिरे ।*

**समाज संवाददाता**

हेटौँडाः शिक्षक सेवा आयोगले लिएको प्राथमिक तहको शिक्षक परीक्षामा सफल शिक्षकलाई सम्मान गरिएको छ । हेटौँडा-४, स्कुलरोडस्थित पेन्टागन एकेडेमीले तयारीका लागि आफ्नो संस्थामा सहभागी भई सफल भएका शिक्षकलाई शनिबार एक कार्यक्रमका बीच सम्मान गरेको हो ।

पेन्टागनका संचालक गोविन्द चौलागाईंको सभाध्यक्ष तथा राष्ट्रिय परीक्षा बोर्डका पूर्वप्रमुख कृष्णप्रसाद घिमिरेको प्रमुख आतिथ्यमा सम्मान कार्यक्रम भएको हो । पेन्टागनले सञ्चालन गरेको तयारी कक्षामा सहभागी भई ५७ जनाले आयोगको परीक्षा उत्तीर्ण गर्न सफल भएको बताइएको छ। गत वर्ष भने ७८ जनाले नाम निकाल्न सफल भएको संचालक चौलागाईंले जानकारी दिनुभयो। ३९ वर्षको उमेरमा नाम निकाल्न सफल खड्गमाया चौलागाईं तयारी कक्षामा सरल तरिकाले बुझाएकै कारण सफल हुन पाएको बताउनुभयो। प्रशिक्षार्थी तयार भए इन्स्टिच्युटबाट निक्कै सहयोग पुग्ने अर्का सफल उम्मेदवार रामविश्वास कुमार महतो बताउनुहुन्छ। दोस्रो पत्रको परीक्षामा १० दिनाको तयारीमा नाम निकाल्न सफल भएको महतोको भनाइ छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुदै राष्ट्रिय परीक्षा बोर्डका प्रमुख घिमिरेले शिक्षण पेशालाई सदैव सम्मान गर्नुपर्ने बताउनुभयो। कार्यक्षेत्र जहाँ भएपनि, जस्तो भएपनि आफ्नो पेशाप्रति सन्तुष्ट भएर काम गनुपर्ने उहाँले बताउनुभयो । भविष्यमा डाक्टर, ईन्जिनियर, शिक्षक, मन्त्री, प्रधानमन्त्री शिक्षकले नै बनाउने भएकाले शिक्षक विद्यार्थी प्रति अत्यन्त जिमेवार भएर काम गर्न जरुरी रहेको घिमिरेले बताउनुभयो ।

पेन्टागन एकेडेमीले यस वर्षदेखि अनलाईन कक्षा सञ्चालन गरेको छ । पेन्टागनले शिक्षक सेवा आयोग, लोकसेवा आयोग, सुरक्षा सेवा आयोग, बैंकिङ तयारी, विद्युत प्राधिकरण, नेपाल टेलिकम, कम्प्युटर तालिम, मन्टेश्वरी र केयरगिभर तालिम आदि क्षेत्रहरुमा विगत ९ वर्षदेखि तयारी कक्षाहरु संचालन गर्दै आएको छ ।

# कमाने एकेडेमीको अभिभावक दिवस

**समाज संवाददाता**

हेटौंडा : हेटौंडा-८, कमानेस्थित कमाने एकेडेमीले शनिबार अभिभावक दिवस कार्यक्रम आयोजना गरेको छ । बालसाहित्य लेखक यशु श्रेष्ठको प्रमुख आतिथ्यमा आयोजना गरिएको अभिभावक भेलामा विद्यार्थीले उद्घोषण, नृत्य, गायन, अभियन कला प्रस्तुत गरेका थिए । अभिभावक दिवसको अवसरमा विद्यार्थीले विज्ञानको प्रयोगात्मक अभ्यास, चित्रकला प्रदर्शन समेत गरेका थिए ।

अभिभावक दिवसको अवसरमा गायन, नृत्य र अभिनय कलामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत समेत गरिएको थियो । १० कक्षासम्म पठनपाठन हुने कमाने एकेडेमीमा ६ सय ४० जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयकी प्रिन्सीपल प्रतिभा डंगोलले विद्यार्थीलाई व्यवहारिक र प्रभावकारी सिकाईका लागि निरन्तर प्रयास गर्दै आएको र अभिभावकलाई पनि साथ र सहयोग गर्न आग्रह गर्नुभएको छ। चालु शैक्षिक सत्रमा सभा हल निर्माण गरिएको, खेल मैदान बनाइएको, चित्रकलाको शिक्षक नियुक्त गरिएको, नृत्य, गायन, चित्रकलाको प्रतिस्पर्धा आयोजना गरिएको, गणित, विज्ञानको प्रयोगशाला तयार पारिएको प्रिन्सीपल डंगोलले जानकारी दिनुभयो ।

शिक्षक फेरिनु, नियमित मासिक शूल्क नउठ्नु, अभिभावकको शिक्षासम्बन्धी बुझाई विद्यालयका लागि चुनौतिको विषय भएको उहाँले बताउनुभयो। यसअघि शुक्रबार विद्यालयले युकेजी कक्षाका विद्यार्थीलाई दीक्षित गरेको थियो ।

# अधिकारीलाई "शिव सावित्री सम्मान, नेगी उत्कृष्ट मुक्तककार



*वरिष्ठ मुक्तककार शिव अधिकारीलाई "शिव सावित्री अधिकारी स्मृति मुक्तक सम्मान-२०८१" समर्पण गरिँदै ।*

**समाज संवाददाता**

हेटौंडा : झरना साहित्यिक परिवार मकवानपुरले वरिष्ठ मुक्तककार शिव अधिकारीलाई "शिव सावित्री अधिकारी स्मृति मुक्तक सम्मान-२०८१ बाट सम्मान गरेको छ। सूर्योदय नगरपालिका-१४, बतासेका अधिकारीलाई १५ हजार ५ सय ५५ रुपैयाँ राशिसहित सम्मान गरिएको हो ।

अधिकारीका ६ वटा मुक्तक संग्रह झटरो, भद्रगोल, भाँडभैलो, श्रद्धाञ्जली, अधुरो सपना र गजल संग्रह यथार्थता, धर्तीको माटो प्रकाशित छन् । यस्तै जिल्लास्तरीय मुक्तक प्रतियोगितामा बकैयाको हात्तीसुँडेस्थित बुद्ध माध्यमिक विद्यालयमा अध्ययनरत् छात्रा मोनिक नेगी उत्कृष्ट मुक्तककार घोषित हुन सफल भएकी छिन् । नेगीले छिमेकीले हस्तक्षेप गर्दा चुपचाप छ सरकार भन्दै वाचन गर्नुभएको मुक्तक उत्कृष्ट भएको हो । १०० पूर्णाङ्कमा ७२ पूर्णाङ्क प्राप्त गर्दै नेगी उत्कृष्ट मुक्तककार घोषित हुन सफल भएकी छिन्। उत्कृष्ट मुक्तककार नेगीलाई ५ हजार ५ सय ५५ रुपैयाँ नगदसहित पुरस्कृत गरिएको छ। ८ प्रतियोगीमध्ये ७ प्रतियोगीले मात्र मुक्तक वाचन गरेका थिए। जसमा हेटौंड-१, चाइनाक्वाटरस्थित अमर माध्यमिक विद्यालयमा अध्ययनरत् रोशिका भट्टराईले आमा बाबा गाउँमा भारी बोक्छन्, हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल बोर्डिङ स्कुलमा अध्ययनरत जिज्ञासा पौडेलले सपना रोप्दा रोप्दै, हेटौँडा स्कुल अफ म्यानेजमेन्टमा अध्ययनरत् छात्रा पद्मा ढकालले समाजको कैदमा बसिरहेकी छोरी, हेटौंडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालयमा अध्ययनरत् छात्रा प्रसिद्धि भट्टराईले समस्या नै समस्याको, चन्द्रोदय माध्यमिक विद्यालयकै रितिका खतिवडाले हाँगामा बसेर, हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयकी सन्ध्या लम्सालले वर्षामा उर्लने ती छाल जस्तै भयो जीवन भन्दै मुक्तक वाचन गर्नुभएको थियो। मुक्तककार अजर फूयाँल र भवानी तिमल्सिनाले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो ।

३१४ औं साहित्य शृङ्खलाको अवसरमा ३१ औं मुक्तक साँझ कार्यक्रम-२०८१ समेत भएको थियो । उक्त कार्यक्रममा मुक्तककार रोमा लम्साल, डिबी बर्तौला, सागर तिम्सिना, गायत्री रुपाखेतीले ६/६ वटा मुक्तक वाचन गर्नुभएको थियो । झरना साहित्यिक परिवार मकवानपुरका अध्यक्ष विश्वनाथ सञ्जेलको अध्यक्षता तथा वरिष्ठ मुक्तककार अधिकारीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा संस्थापक अध्यक्ष रमेशमोहन अधिकारी, संरक्षक सल्लाहकार जनार्दन खनाल लगायतको उपस्थिति रहेको थियो ।

# जेनिथको १६ औं अभिभावक दिवस मनाइयो

**समाज संवाददाता**

हेटौंडा : हेटौंडा-५, पिप्लेस्थित जेनिथ सेकेन्डरी बोर्डिङ स्कुलको १६ औं अभिभावक दिवस शनिबार मनाइएको छ । विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष रमिता पाण्डेको अध्यक्षता तथा वडाध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यमा दिवस मनाइएको हो ।

भेलालाई सम्बोधन गर्नुहुँदै अध्यक्ष घिमिरेले वडाको शैक्षिक विकाससँग जोडिने भएकाले जेनिथ सेकेन्डरी बोर्डिङ स्कुलको समग्र शैक्षिक उन्नयनमा वडाले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । सोही अवसरमा सांस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण समेत गरिएको छ । विद्यार्थीले मेरो प्यारो हेटौंडा शिर्षकमा कविता वाचनसँगै बनेको छ पहाडले, नेपाल मेरो मातृभूमि शिर्षकमा गायन प्रस्तुत गरिएको छ । यस्तै झुमा नाँच, हामी पढ्छौं हामी लेख्छौं, सिरैमा सिरबन्दी, मारुनी नाच शिर्षकको गीतमा विद्यार्थीले नृत्य प्रस्तुत गरेका थिए । नर्सरीदेखि कक्षा-१० सम्मका कक्षागत प्रथम, द्वितीय, तृतीय विद्यार्थीलाई स्टेशनरी सामग्रीले पुरस्कृत गरिएको छ। जेनिथ सेकेन्डरी बोर्डिङ स्कुलका प्राचार्य श्रीबहादुर कार्कीले यातायातलाई सुरक्षित र व्यवस्थित बनाउनका लागि यस वर्ष मात्र ४ वटा नयाँ गाडी थपेकाले अभिभावकको माग सम्बोधन गर्न सकेको जानकारी दिनुभयो ।

असल संस्कारसहितको गुणस्तरीय शिक्षा विद्यार्थीलाई प्रदान गरिरहेको बताउनुहुँदै सैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक ज्ञानलाई पनि विद्यालयले जोड दिएको उहाँको भनाई छ । विद्यालयको कमिकमजोरीलाई निराकरण गर्दै सुविधा सम्पन्न भूकम्प प्रतिरोधात्मक भवनमा कम्प्युटर र विज्ञान प्रयोगशालाको व्यवस्था गरिएको उल्लेख गर्नुभयो । कार्यक्रममा हेटौँडा सिटी कलेज तथा जेनिथ बोर्डिङ स्कुलका संस्थापक अध्यक्ष अनिल पाण्डे, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदी, हेटौंडा उपमहानगर समितिका अध्यक्ष रामकुमार श्रेष्ठ, विद्यार्थी, शिक्षक, अभिभावक लगायतको उपस्थिति रहेको थियो ।

## पाँच वर्षमा...

अवस्थाले देशको आर्थिक स्थिति गएगुज्रेको र अत्यधिक सुन आयातले अर्थतन्त्र कमजोर छ भन्ने प्रस्ट हुन्छ ।

सरकारले विदेशी मुद्रा सञ्चितिमा चाप परेको भन्दै सुन आयातको कोटामा प्रतिदिन २० किलोबाट १० किलोमा २०७८ फागुनबाट घटाएको थियो । त्यसपछि केन्द्रीय बैंकले एक दिनमा २० किलोसम्म आयात गर्न अनुमति दिँदै आएको छ ।

२०७५-७६ देखि २०७९-८० समय अवधिमा कुनै बेला सुन प्रतितोला १ लाख ५ हजारसम्म अधिकतम बिन्दुमा पुग्यो । तर, पछि यो बिन्दु उकालो लागेर २०७९ चैतमा १ लाख १० हजारसम्म उच्चतम बिन्दुमा पुग्यो । २०७९ चैतमा कायम भएको १ लाख १० हजारको प्रतितोला सुनको भाउ त्यही हाराहारीमा तलमाथि गर्दै आएको थियो ।

आव २०७४-७५ पछि २०७९-८० सम्म पनि सुनको आयात ह्वात्तै बढ्न थाल्यो । आव २०७३-७४ सम्म दैनिक आयात कोटा १५ किलो मात्र थियो । तर, २०७४ फागुनबाट सुन आयात कोटा १५ बाट २० अनि २५ किलो बनाइयो । यद्यपि दसैंताक २५-३५ किलोको माग भइआएको भनिन्छ । वाणिज्य बैंकहरूले सुन किलोमा किनी सोहीअनुसार बिक्री गर्दै आएका थिए । तर, सबै गहना व्यवसायीले किलोमा सुन किन्न नसक्दा केही व्यापारी तस्करीका सुनतर्फ आकर्षित भएका पनि थिए । आधिकारिक तथ्यांकअनुसार आव २०७५-७६ को सात महिना अर्थात् साउनदेखि माघसम्ममा सुनको आयातमा १५.९ प्रतिशतले वृद्धि भई २०.५५ अर्ब पुगिसकेको थियो ।

### कोटा प्रणाली खारेजीको माग

सुनचाँदी व्यवसायीले सुन आयातमा कोटा प्रणाली खारेजीको माग गर्दै आएका छन् । पछिल्लो समय अर्थात् २०७९ फागुनतिर दैनिक १० केजी मात्र सुन आयात गरिदिँदा ग्राहकको आवश्यकता पूरा गर्न नसकिएको भन्दै कोटा प्रणाली खारेजीको माग गर्दै आएको हुन् । १३ वर्षअघिको अर्थात् २०६६ सालमा कोटा प्रणाली खारेज गरी सुनचाँदीको बजार पारदर्शी बानाइनुपर्ने माग रहँदै आएको थियो ।

बजारमा सिजनमा दैनिक ४० केजी र अफ सिजनमा झन्डै १० देखि १५ केजी सुनको माग हुने गरे पनि फागुन २०७९ मा दैनिक १० केजी मात्रै आपूर्ति हुँदा व्यवसाय नै बन्द हुने अवस्था सिर्जना हुने रहँदै आएको थियो ।

स्टकमा रहेका सुन बिक्री हुन छाडेपछि बैंकहरूले सुन आयात रोक्दै आएका छन् । वाणिज्य बैंकले मात्र सुन आयात गर्न पाउने कानुनी व्यवस्था रहिआएको छ । सोहीअनुसार २२ वटा वाणिज्य बैंकले पालैपालो दैनिक २० किलोका दरले सुन आयात गर्दै आएका छन् । यसको व्यवस्थापन बैंकर्स संघले गर्दै आएको छ। २०८० फागुनसम्म १७ अर्ब ५७ करोड ८० लाख ३० हजार रुपैयाँबराबरको सुन नेपाल आएको छ । यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा ५१ प्रतिशतले कमी हो । आव २०७९-८० को फागुनसम्म यसको दोब्बर अर्थात् ३५ अर्ब ८६ करोड १० लाख ५० हजार रुपैयाँबराबरको सुन नेपाल भित्रिएको देखिन्छ । पछिल्लो समय नेपालमा पनि सुनको लगानीमा लागि नीति ल्याउनुपर्ने माग उठ्दै आएको छ ।


बैंकमार्फत आउने सुनबाहेक विदेशबाट आउने नेपालीले बिनाभन्सार ५० ग्रामसम्म र भन्सार तिरेर थप सय ग्राम सुनका गरगहना ल्याउन पाउने व्यवस्था भए पनि सोअनुसार हुन नसकेको व्यवसायीले भन्दै आएका छन् ।

विदेशबाट आउने नेपालीले सुन ल्याउँदा प्रहरी प्रशासनले जफत गर्ने, त्यस्तो सुन कारोबार गर्ने व्यवसायीलाई पक्रने, अनावश्यक दुःख दिने, मानसिक तनाव दिनेजस्ता कार्य हुन थालेको भनिएको छ । राज्यले तोकेको मापदण्डबमोजिम ल्याइएका सुनका गरगहनाको कारोबार गर्ने व्यवसायीलाई अपराधीजस्तो व्यवहार गरिँदै आएको र अनुसन्धानका नाममा अनावश्यक दुःख दिने कार्य गरेको र व्यावसायिक आतंक बनाउने कार्य बन्द गर्न भनिँदै आएको छ ।

जनताको स्मरणशक्ति गुमेको छैन भन्ने किन बुझ्दैन देश हाँक्ने ल्याकत नभएको नेताले, तिनले आफ्ना कर्तुतबाट लोक-हँसाइ त गरे नै, आफ्नै बिरादरीभित्र पनि हास्यास्पद पात्र बन्न पुगेकोमा उनलाई लाज त लाग्यो नै होला । तर, हाम्रो यस विषयमा अहिले भन्नु केही छैन । राजनीतिमा आफ्नो गोरुको वा मुर्राको बाह्रै टक्का सही कथन हो । *(स्रोत: कारोबारदैनिक)*

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



# शिक्षकहरुको आन्दोलनमा काँग्रेस बागमती प्रदेशको ऐक्यवद्धता



काठमाडौंको माइतघिरमा आन्दोलन शिक्षकहरु ।

समाज संवाददाता

हेटौँडा : शिक्षकहरुको आन्दोलनमा नेपाली काँग्रेस बागमती प्रदेश समितिले ऐक्यवद्धता जनाएको छ । नेपाली काँग्रेस बागमती प्रदेश समितिका सभापति इन्द्रबहादुर बानियाँले शनिबार अपील जारी गर्नुहुँदै शिक्षकहरुको आन्दोलनमा ऐक्यवद्धता जनाउनुभएको हो ।

सभापति बानियाँले सरकारले शिक्षकहरुसँग विगतमा गरेका सहमति र शिक्षकहरुको जायज माग सम्बोधन गर्न आग्रह गर्नुभएको छ । उहाँले शिक्षक तथा विद्यालय कर्मचारीहरुसँग विगतमा भएका सहमति कार्यान्वयन गर्न सरकारलाई आग्रह गर्नुभएको छ । 'नेपाल शिक्षक महासंघले जारी राखेको आन्दोलनप्रति नेपाली कांग्रेस बागमती प्रदेश कार्यसमितिको पूर्ण ऐक्यवद्धता रहेको छ', अपीलमा उल्लेख छ, 'शिक्षक तथा विद्यालय कर्मचारीहरुसँग विगतमा भएका सहमति कार्यान्वयन गर्न नेपाल सरकारलाई आग्रह गर्दछौं । शिक्षा क्षेत्रको उन्नति लोकतन्त्रको आधार हो । यसप्रति नेपाली काँग्रेस बागमती प्रदेश कार्यसमिति प्रतिबद्ध रहेको र सरकारलाई शिक्षक महासंघले उठाएका जायज मागहरुलाई वार्ता मार्फत तत्काल समाधान दिन आग्रह गर्दछ ।'

नेपाल शिक्षक महासंघद्वारा विद्यालय शिक्षा ऐन जारीको माग गर्दै केहीदिनदेखि काठमाडौं केन्द्रित अनिश्चितकालिन आन्दोलनलाई सरकारले वार्तका माध्यमबाट व्यवस्थापन गर्नुपर्ने अपीलमा भनिएको छ । शिक्षक तथा विद्यालय कर्मचारीका यथोचित माग समाधान गरी गुणस्तरीय विद्यालय शिक्षाको प्रवन्ध गर्नसक्ने ऐन जारी गर्न ढिलाई गर्न नहुने विज्ञप्तीमा उल्लेख छ ।

# संस्कृत गुरुकुलमलाई ५० हजारसहित सम्मान



संस्कृत गुरुकुलमलाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौँडा : रुद्रप्रसाद-विष्णुकुमारी रिजाल स्मृति पुरस्कार कोषले हेटौँडा-१८, ठूलोदमारस्थित वैदिक संस्कृत गुरुकुलमलाई 'रुद्रप्रसाद विष्णुकुमारी रिजाल स्मृति सम्मान २०८१' बाट सम्मान गरेको छ । शनिबार ५० हजार रुपैयाँ राशिसहित गुरुकुलममै पुगेर सम्मान गरिएको हो ।

कोषका अध्यक्ष आरसी रिजालको अध्यक्षता जेष्ठ नागरिक पदमबहादुर ढुङ्गानाको प्रमुख आतिथ्यमा सम्मान समर्पण समारोह भएको हो । आश्रममा १८ जना विद्यार्थी अध्ययनरत् छन् । कार्यक्रममा वैदिक संस्कृत गुरुकुलमका संयोजक हर्क रम्तेल, समाजसेवी सिताराम बर्तौला, आश्रमका उपाध्यक्ष केशवराज पण्डित लगायतको उपस्थिति रहेको थियो ।

हार्दिक बधाई




दिपेन्द्र बानियाँ
दिलिश गोविन्द जोशी

मकवानपुर उद्योग वाणिज्य संघ अन्तर्गत बस्तुगत संघको रुपमा रहेको कपडा तथा तयारी पोशाक व्यवसायी संघमा **दिपेन्द्र बानियाँ**को अध्यक्षतामा नवनिर्वाचित समिति, मकवानपुर होटल एसोसिएसनमा **दिलिश गोविन्द जोशी**को अध्यक्षतामा नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

राजु अधिकारी, उपाध्यक्ष
मकवानपुर उद्योग वाणिज्य संघ
हेटौँडा, मकवानपुर

# बार एसोसिएसनको निर्वाचनमा मतदान सम्पन्न



नेपाल बार एसोसिएसनको निर्वाचनमा उच्च अदालत पाटन हेटौँडा इजलासमा मतदान गर्नुहुँदै अधिवक्ता बिशभ अधिकारी ।

समाज संवाददाता

हेटौँडा : नेपाल बार एसोसिएसनको निर्वाचन कार्यक्रमअन्तर्गत आज मतदान सम्पन्न भएको छ । बिहान ८ बजेबाट सुरु भएको मतदान दिनको ४ बजे सकिएको छ । मकवानपुरमा जिल्ला बारमा २५ जना र उच्च अदालतमा ६३ गरी ८८ जना मतदाता रहेका थिए । जिल्ला बारतर्फ २० जना र उच्च अदालततर्फ ४७ जना र जिल्ला अदालततर्फ काठमाडौँबाट स्थानान्तरण गरेका एकजनासहित कुल ६८ मत खसेको छ ।

नेपाल बार एसोसिएसनको अध्यक्षमा ५ जनाको उम्मेदवारी रहेको छ । सत्तारुढ एमाले र काँग्रेस निकट कानून व्यवसायीको साझा उम्मेदवारको रुपमा वरिष्ठ अधिवक्ता डा. विजय मिश्र, नेकपा माओवादी केन्द्र निकट कानून व्यवसायी वरिष्ठ अधिवक्ता रमनकुमार श्रेष्ठसँगै अधिवक्ताहरु राजु कैती, उज्ज्वल घिमिरे र आशिष पौडेल अध्यक्षाका उम्मेदवार हुनुहुन्छ । नेपाल बार एसोसिएसनको निर्वाचनमा जिल्ला र उच्च बारमै मतदान गरी मतपत्र केन्द्रमा पठाउने व्यवस्था छ । सोहीअनुसार मतपत्र काठमाडौं पठाइने बताइएको छ ।

नेपाल बार एसोसिएसनको निर्वाचनमा मकवानपुर जिल्लामा कोही पनि उम्मेदवार बनेका छैनन् । नेपाल बार एसोसिएसनको निर्वाचनबाट ३ वर्षे कार्यकालका लागि नयाँ समिति चयन हुनेछ ।

# समृद्ध युवाको अध्यक्षमा गौतम

समाज संवाददाता

हेटौँडा : समृद्ध युवा बचत कोषको अध्यक्षमा युवराज गौतम निर्वाचित हुनुभएको छ । शनिबार हेटौँडा-७, न्यूरेनीस्थित पशुपति मन्दिरमा दिपेश लामिछानेको अध्यक्षतामा भएको आठौं अधिवेशनले गौतमको अध्यक्षतामा नयाँ समिति सर्वसम्मत चयन गरेको हो ।

कोषको उपाध्यक्षमा दिपेन्द्र महत, सचिवमा मनोज कुमार गौतम, कोषाधयषमा विकास दूलाल, सदस्यमा विक्रम लुइटेल, नारायणप्रसाद दाहाल, रोशन श्रेष्ठ, पुरुषोत्तम रिजाल र अशोक चौलागाई निर्वाचित हुनुभएको छ । अधिवेशनमा कोषका संस्थापक अध्यक्ष किरण लामिछाने, पशुपति मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सुवोध रिमालको पनि आतिथ्य रहेको थियो । ३५ जना सदस्य रहेको कोषमा मासिक बचत गरी आपसमा सापटी समेत सञ्चालन गर्दै आएको छ । युवाले आपसमा बचत तथा सापटीको अभ्यास सँगसँगै सामाजिक सेवाको क्षेत्रमा पनि काम गर्दै आएको छ । कोषले विद्यार्थीलाई छात्रवृत्ति सहयोग गर्दै आएको छ ।

हार्दिक बधाई




दिपेन्द्र बानियाँ
दिलिश गोविन्द जोशी

मकवानपुर उद्योग वाणिज्य संघ अन्तर्गत बस्तुगत संघको रुपमा रहेको कपडा तथा तयारी पोशाक व्यवसायी संघमा **दिपेन्द्र बानियाँ**को अध्यक्षतामा नवनिर्वाचित समिति, मकवानपुर होटल एसोसिएसनमा **दिलिश गोविन्द जोशी**को अध्यक्षतामा नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

प्रमोद सिंह रानाभाट, अध्यक्ष
मकवानपुर उद्योग वाणिज्य संघ
हेटौँडा, मकवानपुर




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ